जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक १७३ २०७६ साल माघ २४ गते शुक्रबार (7 Feb. 2020 Friday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले वदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रियसभाबाट नेपाल मिडिया ... ३ पृष्ठमा : अरुण तेस्रोमा जुटयो एक्‌ ३ पृष्ठमा : कोरोना भाइरसबाट ज्यान ...

## सरकार तराई-मधेश विकास र समृद्धिमा लागि परेको छ : प्रचण्ड

**दैनिक समाचारदाता**
**सिरहा, २३ माघ ।**



नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकार तराई-मधेश विकास र समृद्धिमा लागि परेको बताएका छन् ।

सिरहाको सखुवानन्कारकट्टीमा बिहीबारदेखी सुरु भएको झण्डा मेलाको उद्घाटन गर्दै अध्यक्ष प्रचण्डले उक्त कुरा बताएका हुन् ।

उनले भने, 'तराई-मधेस बिनाको पहाड रपहाड बिनाको तराई मधेसको कल्पना गर्न सकिन्न । इतिहासदेखि नै काठमाडौं र तराई-मधेसका संस्कृति र सम्पदा अभिन्न रुपले गाँसिएका छन् ।'

उनले मधेश संगको प्रेम टुट्न नदिने भन्दै तराईका सवै जनताको माया पारेर देशको नेतृत्व समेत गरेको बताए ।

प्रदेश २ मा सिंचाईको प्रमुख समस्या रहेको भन्दै उनले कोशी-कमला डाइभर्सन निर्माणको काम चाँडै अगाडी बढ्ने बताए । त्यस्तै हुलाकी सडक समेत तिब्र गतिमा निर्माण भइरहेको र निर्माण पुरा भएपछि यस क्षेत्रमा नयाँ खुशीयाली आउने उनले जिकिर गरे ।

एक फरक प्रसङ्गमा अध्यक्ष प्रचण्डले संविधान संशोधन गर्नमा पार्टी सकारात्मक रहेको दावी गर्दै आवश्यकता बमोजिम संविधान परिमार्जन गर्दै लैजाने संविधानले नै व्यवस्था गरेकोले आवश्यकता बमोजिम परिमार्जन हुने कुरामा सबैलाई विश्वस्त रहन आग्रह गरे ।

मेलाको उद्घाटन समारोहमा नेकपाका केन्द्रिय सदस्य मातृका प्रसाद यादब, नेकपाका केन्द्रिय सदस्य अजय शंकर नायक, नेकपा जिल्ला अध्यक्ष तथा प्रदेश सांसद राम कुमार यादव, सखुवानन्कारकट्टी गापा प्रमुख केदार यादव लगायतले शुभकामना मन्तव्य राखेका थिए । मेला १० दिनसम्म चल्नेछ ।

## दादुरा रूवेला खोप अभियान फागुन १ देखी



**दैनिक समाचारदाता**
**राजबिराज, २३ माघ ।**

दादुरा रूबेला खोप राष्ट्रिय अभियान कार्यक्रम सम्बन्धी बिहीबार एक दिने सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला खोप समन्वय समिति, स्वास्थ्य कार्यालय सप्तरीले आयोजना गरेको अन्तरक्रियामा कार्यालय प्रमुख दुनियालाल यादवले आउँदो फाल्गुन १ गते देखि ३० गते सम्म जिल्लाको सबै स्थानिय तहमा तीन चरणमा खोप

*बाँकी दुई पृष्ठमा*



## सम्पादकीय ....

# प्रदेश सरकारको लगानी सदुपयोग होस्

प्रदेश २ सरकारले प्रदेशका आठै वटा जिल्लामा स्वच्छता अभियान चलाएको छ। जसअन्तरगत सप्तरीको छिन्नमस्ता मन्दिरस्थित पोखरीको सौन्दर्यीकरणका लागि शिलान्यास गरेको छ। यस अभियानले मन्दिर अझ सौन्दर्य बन्ने भएको छ। झण्डै ६ करोड ३० लाख रकम समेत प्रदेश सरकारले बिनियोजन गरेको छ। यस बाहेक प्रदेश सरकारले अन्य जिल्लाहरुमा पनि बजेट बिनियोजन गरेको छ। यसरी प्रदेश सरकारले प्रदेशलाई समृद्ध बनाउन विभिन्न प्रकारको योजनाहरु ल्याउँदै आएको छ। जुन कार्य सहानिय छ।

यसअघि प्रदेश सरकारले बेटी पढाउ, बेटी बचाउ अभियानले समेत निकै चर्चा पाएको छ। यस अभियान अन्तरगत प्रदेश २ मा २०७५ साल माघ १ गतेदेखी जन्मेका छोरीहरुका लागि शिक्षा बिमा पर्दछ। सरकारले प्रत्येक छोरीलाई ३ लाखको शैक्षिक बिमा गरेको हो। छोरीहरु २० वर्ष पुगेपछि बिमा गरिएको रकमबाट उच्च शिक्षा हासिल गर्न मद्दत पुग्ने छ। यस्ता अभियानले जनताहरुमा निकै हौसला प्रदान भएको छ।

प्रदेश सरकारले जनहितका लागि गरिरहेको कार्यलाई सबैले सहयोग गर्नु पर्ने आवश्यकता रहेको छ। जसले गर्दा सरकारलाई अझ नौलो कार्य गर्न मद्दत पुग्ने छ। तसर्थ यस्ता कार्यहरुलाई तल्लो स्तरबाटै निगरानी समेत गर्नु उत्तिकै आवश्यक छ। सरकारले लगानी गरेको रकमको सदुपयोग होस्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रियसभाबाट नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ पारित

काठमाडौँ, २३ माघ (रासस)।

राष्ट्रियसभाको बिहीबारको बैठकले नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ सर्वसम्मतिले पारित गरेको छ।

बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले 'नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ लाई पारित गरियोस्' भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। मिडिया काउन्सिल विधेयकका सम्बन्धमा विधायन व्यवस्थापन समितिमा छलफल भई सहमति भएअनुसार नै पत्रकारहरुका लागि लाइसेन्स, परीक्षा तथा दर्ताक्रम हटाएर विधेयक पारित गरिएको हो।

बैठकमा सञ्चारमन्त्री बाँस्कोटाले विधेयकको परीक्षासम्बन्धी व्यवस्था, लाइसेन्स र दर्ता तथा अभिलेखसम्बन्धी परेको संशोधन प्रस्तावलाई स्वीकार गरेको घोषणापछि यसलाई सर्वसम्मत पारित गरिएको थियो।

विधेयक पारित गर्नुपूर्व बैठकमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित छलफल भएको थियो। छलफलपश्चात् सञ्चार तथा सूचना प्रविधिमन्त्री बाँस्कोटाले सांसदहरुले उठाएको प्रश्नको जवाफ दिँदै मिडियाबाट पीडित भएकाका लागि कानूनी उपचार उपलब्ध गराउने उद्देश्यले विधेयक ल्याइएको बताउनुभएको थियो। मन्त्री बाँस्कोटाले पोर्चुगलमा पत्रकारका लागि लाइसेन्सको व्यवस्था भएको उल्लेख गर्दै परीक्षाको विषय आफैँमा नराम्रो भने नभएको तर्क राख्नुभएको थियो। मिडियाको हातमा सधैँ नाङ्गो तरवार हुनु हँदैन भन्ने हेतुले सरकारले पत्रकारिता क्षेत्रको पेशागत शुद्धता र आचारसंहिता पालना भए/नभएको हेर्न उक्त विधेयक ल्याइएको स्पष्ट पार्नुभयो।

मिडिया काउन्सिल, मिडियाबाट पीडित भएका व्यक्तिका लागि न्याय पाउने नियामक निकाय भएको उल्लेख गर्दै मन्त्री बाँस्कोटाले पत्रकारका लागि यो नै मूल कानून भने नभएको बताउनुभयो। उहाँले काउन्सिलमार्फत मिडियाको विरुद्धमा उजुरी दिन पाउने नागरिकको हकलाई यसले सुनिश्चित गरेको बताउनुभयो। "पहिले मूल्याङ्कन आफैं, जाँचकी पनि आफैं र आफैं परीक्षार्थी थियो, काउन्सिल अब जाँचकी मात्रै हो, परीक्षार्थी होइन", मन्त्री बाँस्कोटाले जवाफका क्रममा भन्नुभयो। मिडियाको स्वनियमनको विषय अर्को कानूनमा आउने जानकारी दिँदै उहाँले मध्यस्थतासम्बन्धी विस्तृत कुरा नियमावलीमा समेटिने बताउनुभयो।

विधेयक पारित हुनुपूर्व विधेयकउपरको छलफलमा भाग लिँदै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का राष्ट्रियसभामा प्रमुख सचेतक खिमलाल भट्टराईले विधेयक मिहीन ढङ्गले छलफल गरेर आएको जिकिर गर्नुभयो। कम्युनिष्ट पार्टीले स्थापनाकालदेखि नै लोकतन्त्रका लागि पसिना बगाएकाले कुनै आशङ्का नराख्न अनुरोध गर्दै उहाँले महत्वपूर्ण विषयमा गम्भीर भएर प्रस्तुत हुन सबैलाई आग्रह गर्नुभयो।

नेकपाकै सांसद कोमल ओलीले मौलिक हकमै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरिएकाले विधेयकमा भनिएजस्तो परीक्षाको आवश्यकता नरहेको बताउनुभएको थियो। प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सांसद राधेश्याम अधिकारीले पहिले नै विधेयकका सम्बन्धमा पत्रकारका लागि परीक्षा, लाइसेन्स र दर्ताका विषयमा असहमति राख्दै आएको जानकारी गराउँदै उक्त व्यवस्था हटाएर मात्रै विधेयक पारित गर्नुपर्नेमा जोड दिनुभएको थियो। "सञ्चारकर्मीको हरेक दिन हरसमय परीक्षा भइरहेको हुन्छ, श्रोता, पाठकले मन नपराए आफैँ हराएर जान्छ भने अर्को परीक्षा किन आवश्यक भयो", सांसद अधिकारीले भन्नुभयो।

नेपाल मिडिया काउन्सिल विधेयकमाथि बिहीबार राष्ट्रियसभामा भएको दफावार छलफलका क्रममा सांसदहरु रामप्रीत पासवान, जीवन बुढा, विमला राई पौडेल लगायतले धारणा राख्नुभएको थियो।

# नेता गच्छदारमाथिको मुद्दा पूर्वाग्रहपूर्ण : काँग्रेस

काठमाडौं, २३ माघ (रासस)।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले पार्टीका उपसभापति विजयकुमार गच्छदारमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दर्ता गरेको मुद्दालाई पूर्वाग्रहपूर्ण र राजनैतिक बदनियतले प्रेरित भएको ठहर गरेको छ।

पार्टी सभापति शेरबहादुर देउवाको निवास बुढानिलकण्ठमा काँग्रेस पदाधिकारी एवं पूर्वपदाधिकारीको बिहीबार बसेको बैठकले सो मुद्दालाई पूर्वाग्रहपूर्ण र राजनैतिक बदनियतले प्रेरित भएको निष्कर्ष निकालेको हो।

काँग्रेस केन्द्रीय कार्यालयमा आज आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले पार्टी पदाधिकारी बैठकको निर्णय जानकारी गराउँदै काँग्रेसका नेता र कार्यकर्तामाथि झुट्ठा मुद्दा लगाउने र हतोत्साहित गर्ने श्रृङ्खलाका रुपमा काँग्रेसले उक्त घटनालाई लिएको बताउनुभयो।

नेता गच्छदार पछाडि परेको थारु समुदायबाट उदाएर पञ्चायतकालीन जेल र प्रवास भोग्दै विसं २०४८ देखि निरन्तर जनताबाट निर्वाचित नेता भएको उल्लेख गर्दै प्रवक्ता शर्माले भन्नुभयो, "आयोगलाई अधिकार सम्पन्न बनाउने भ्रष्टाचार निवारण ऐन, विसं २०५९ काँग्रेस नेतृत्वको सरकारले बनाउँदा उहाँ त्यो मन्त्रिमण्डलको सदस्यका रुपमा पनि महत्वपूर्ण भूमिकामा हुनुहुन्थ्यो।"

आयोगलाई गलत ढङ्गले प्रभावित गरी राजनैतिक पूर्वाग्रहका साथ यही माघ २२ गते उहाँमाथि मुद्दा दायर गरिएको काँग्रेसको ठहर छ। प्रधानमन्त्रीय प्रणालीमा मन्त्रिपरिषद्बाट भएको कुनै पनि निर्णयको पूर्ण जिम्मेवारी प्रधानमन्त्रीको हुने बताउँदै प्रवक्ता शर्माले प्रधानमन्त्रीको सहमति बेगर मन्त्रिपरिषद्मा कुनै प्रस्ताव नआउने र पारित पनि नहुने बताउनुभयो। "नेपाल सरकार मन्त्रिपरिषद्ले गरेको निर्णयमा प्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा बाबुराम भट्टराईलाई उन्मुक्ति दिने र कुनै मन्त्रीमाथि त्यही निर्णयमा आधारित रहेर मुद्दा चलाउने कुरा आफैँमा बदनियतपूर्ण रहेको प्रष्ट छ" उहाँले भन्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का महासचिव विष्णु पौडेलले आफ्ना छोरा नवीन पौडेलका नाममा बालुवाटारको जग्गा लिएको तथ्य सिङ्गो देशलाई जानकारी रहेको बताउँदै प्रवक्ता शर्माले सोही प्रकृतिमा अरुलाई मुद्दा चलाइनु तर पौडेललाई मुद्दा नचलाइनुले राज्य शक्तिको प्रभावमा निर्णय भएको प्रष्ट रहेको टिप्पणी गर्नुभयो। काँग्रेसले बालुवाटार जग्गा प्रकरणको गहिरो छानबिनका लागि माग गर्दै आएको र यो घटनालगायत अन्य सबै अनियमितता, अख्तियार दुरुपयोग र भ्रष्टाचारका प्रकरणको गम्भीर एवं गहिरो अनुसन्धानका पक्षमा रहेको स्पष्ट पारेको छ।

# ललिता निवास जग्गा प्रकरण : प्रमुख प्रतिपक्षीबाट अवरोध

काठमाडौँ, २३ माघ (रासस)।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले बालुवाटारको ललिता निवास जग्गा अनियमितता प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भेदभावपूर्ण व्यवहार भएको भन्दै प्रतिनिधिसभाको बिहीबारको बैठक अवरोध गरेको छ। सो पार्टीका सांसदको अवरोधका कारण बैठक कार्यसूचीमा प्रवेश नगरी स्थगन भएको हो।

बैठकको प्रारम्भमा सभामुखसँग समय लिएर काँग्रेसका सचेतक पुष्पा भुसालले तत्कालीन सरकारले गरेका निर्णयका आधारमा कुनै मन्त्री र सचिवलाई भ्रष्टाचारको आरोपमा मुद्दा दयार गरिएको तर केही राजनीतिक र प्रशासनिक नेतृत्वलाई बचाइएको भनी आपत्ति जनाउनुभयो। आयोगले बुधबार सो प्रकरणमा पूर्वउपप्रधानमन्त्री एवं काँग्रेस संसदीय दलका उपनेता विजयकुमार गच्छदारसहित १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा आरोपपत्र दायर गरेको थियो।

नेत्री भुसालले भन्नुभयो, "राज्यले सबै निकायलाई आफ्नो प्रभाव र नियन्त्रणमा लिन खोजेको छ। यसैको उदाहरणका रुपमा अख्तियारले निर्णय गरेको छ। कसैलाई पाखा र कसैलाई पाखा गरिएको छ। त्यस कारण उसमा

बाँकी तीन पृष्ठमा

## दादुरा रूवेला ...

अभियान कार्यक्रम संचालन हुने जानकारी दिएका छन्।

सरकारले सन् २०२३ सम्म दादुरा रूवेला रोग उन्मुलन गर्ने लक्ष्य लिएर सो राष्ट्रिय खोप अभियान संचालन गरेको उनले बताए। अभियानमा ९ महिना देखि ५ बर्ष मुनिका बालवालीकाहरूलाई खोप लगाउने प्रमुख यादवले बताए।

कुनै पनि बच्चा खोप खुवाउनबाट बञ्चित नभएको वा छुटेको भनी वडा, पालिका, तथा जिल्ला खोप समन्वय समितिवाट प्रमाणित गरिदिएपछि शतप्रतिशत खोप खुवाएको बुझिने प्रमुख यादबले जिकिर गरे।

जिल्लाको विभिन्न वडा र पालीकावाट गरिने तीन चरणको अभियानका लागि ५३ लाख ८७ हजार १ सय ६० रूपैयाँ बिनियोजना गरिएको कार्यालय प्रमुख यादवको भनाई छ।

सोही कार्यक्रममा डब्लुएचओका डा. श्रीराम साहले राष्ट्रिय खोप कार्यक्रम अनुसार देशभरीमा ७८ प्रतिशत बालबालिकाले खोप प्राप्त गरेका छन भने २१ प्रतिशतले आंशिक खोप तथा एक प्रतिशत वालवालिका खोपबाट वञ्चित रहेको बताए। उनले प्रदेश २ मा पनि ७३ प्रतिशत वालवालिका खोप लगाएको तथा २७ प्रतिशत बालवालिका खोपवाट बञ्चित रहेको जानकारी दिए।

जिल्ला खोप समन्वय समिति का अध्यक्ष प्रभाकर यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुनिल खनाल, राजबिराज नगर उपप्रमुख साधना झा, जिल्ला शिक्षा बिकास समन्वय ईकाई प्रमुख फणिन्द्र खत्री, गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजका प्रमुख डा. चुमनलाल दास, शसस्त्र प्रहरी नायव उपरिक्षक बद्री नारायण चौधरीलगायतको सहभागिता रहेको थियो।

यसैगरी प्रमुख जिल्ला अधिकारी सुनिल खनालको अध्यक्षतामा नोवेल कोरेना भाईरस रोग वारेमा छलफल गरिएको छ।

हालै चिनमा नोवेल कोरेना भाईरस रोगका कारण ४ सय २५ जनाको मृत्यु भएकोले नेपालमा पनि कोरेना भाईरसको प्रकोपले १४ जना शंकास्पद भेटिएको बताईएको छ।

यता कोरेना भाईरस रोग लाग्न नदिन र भेला परेका रोगी लाई नियन्त्रणमा लिएर नजिकको स्वास्थ केन्द्रमा पुऱ्याउन राजबिराज विमानस्थल र तिलाठी भन्सारमा सम्पर्क केन्द्र खोल्ने स्वास्थ कार्यालय सप्तरीले जनाएको छ।

पशुहरूवाट लाग्ने रोग भएकोले मानिसहरूमा पनि त्यहीवाट सर्न सक्ने भएकोले रूघाखोकी गर्दा रूमाल प्रयोग गर्ने, ज्वरो लागेमा नजिकको स्वास्थ केन्द्र उपचार गराउने, ब्यक्तिगत सरसफाईमा ध्यानदिने, मासु खादा सावधानी अपनाउने, अरूलाई नसर्न गरी आफै सर्तकता अपनाउन डा. श्रीराम साहले जानकारी दिए।

# अरुण तेस्रोमा जुटचो एक खर्ब, दुई नेपालीसहित पाँच भारतीय बैंकको लगानी

काठमाडौं, २३ माघ (रासस)।

भारतीय कम्पनी सतलज विद्युत् निगमले निर्माण गरिरहेको अरुण तेस्रो जलविद्युत् आयोजनाको लगानी जुटेको छ। आयोजनाका लागि रु एक खर्ब बराबरको लगानी जुटेको हो। बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार आयोजनामा नेपाली बैंकले रु १५ अर्ब बढी लगानी गरेका छन् भने बाँकी रु ८५ अर्ब लगानी भने भारतीय बैंकले लगानी गर्ने भएका हुन्।

आयोजना निर्माणका लागि सतलज विद्युत् निगमले एसजेभिएन नामक कम्पनी स्थापना गरेको छ। आयोजनाको हाल २५ प्रतिशत भौतिक प्रगति भएको छ। कूल ९०० मेगावाट क्षमताको सो आयोजनाको वित्तीय व्यवस्थापन भएपछि परियोजनाले थप गति लिने विश्वास गरिएको छ।

एसजेभिएनका प्रमुख कार्यकारी अधिकृत अरुण धिमानका अनुसार आयोजनामा नेपालका एभरेष्ट र नबिल बैंकले रु १५ अर्ब ३६ करोड लगानी गर्नेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो। यस्तै भारतीय बैंकहरु स्टेट बैंक अफ इन्डिया, पञ्जाब नेशनल बैंक, युनियन बैंक अफ इन्डिया, क्यानरा बैंक र भारतीय आयात निर्यात बैंक (एक्जिम) ले रु ८५ अर्ब ९७ करोड ८८ लाख ऋण लगानी गर्ने सम्बन्धी सम्झौता भएको छ। आयोजनाको प्रवर्द्धक एसजेभिएनले करिब रु २५ अर्ब स्वपूँजीका रुपमा लगानी गरेको छ। सोही पैसाले नै हाल आयोजनाको काम भइरहेको छ।

आयोजनाको कूल लागत रु एक खर्ब १५ अर्ब बराबर पुग्ने अनुमान गरिएको छ। आयोजनाको संरचना निर्माणका लागि रु एक खर्ब चार अर्ब तथा रु ११ अर्ब रकम भने प्रसारण लाइन निर्माणका लागि खर्च गरिनेछ। नेपाल राष्ट्र बैंक र लगानी बोर्डले स्वीकृति दिएपछि औपचारिकरूपमा ऋण लगानी सम्झौता गरिएको हो। प्रधानमन्त्री अध्यक्ष रहने लगानी बोर्डले बुधबार नै वित्तीय व्यवस्थापनका प्रवर्द्धक कम्पनीलाई स्वीकृति दिएको छ।

नेपालमा लगानी ल्याउन भारतीय रिजर्भ बैंकले समेत अनुमति दिएको छ। आयोजना आगामी २०७९ सालभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ। आयोजना आगामी २५ वर्षपछि चालू अवस्थामा नै नेपाल सरकारले प्राप्त गर्नेछ।

त्यस्तै प्रसारण लाइन निर्माणका लागि समेत भारतको पञ्जाब नेशनल बैंकले रु आठ अर्ब लगानी गर्ने यसअघि नै सहमति भइसकेको छ। परियोजना विकास सम्झौताअनुसार आयोजनाबाट नेपालले १९७ मेगावाट विद्युत् निशुल्क प्राप्त गर्नेछ।

आयोजनामा नेपाली बैंकले लगानी गर्ने सहमतिपत्रमा २०७५ चैत १६ मा सम्झौता भएको थियो। प्रवर्द्धक एसजेभिएनले सङ्खुवासभाको मकालु गाउँपालिकामा आयोजना निर्माण गरिरहेको छ।


वित्तीय व्यवस्थापन गरेपछि आयोजनाको सम्झौता अवधि गणना हुनेछ। सतलजभन्दा पहिले परियोजना विकास सम्झौता गरेको माथिल्लो कर्णालीको कुनै काम नभइरहेको बेला सतलजको भने निर्माण प्रगति एवं वित्तीय व्यवस्थापनसमेत गरेर आयोजनालाई गति दिएको हो। शुरुमा आयोजनाको लागत रु एक खर्ब चार अर्ब हुने भनिए पनि विभिन्न कारणले लागत बढेर रु एक खर्ब १५ अर्ब जति पुगेको छ।

लगानी बोर्ड र सतलज विद्युत् निगमबीच २०७१ साल मङ्सिर ९ गते परियोजना विकास सम्झौता (पीडीए) भएको थियो। पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार हाल आयोजनाको बाँध तथा सुरुङ मार्ग निर्माण भइरहेको छ। प्रधानमन्त्री केपी शर्मा ओली र उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीले २०७५ वैशाखमा स्वीच थिचेर आयोजनाको शिलान्यास गर्नुभएको थियो।

हाल आयोजनाको प्रसारण लाइन निर्माणको समेत काम शुरु भएको छ। केही जिल्लामा प्रसारण लाइन प्रभावितलाई मुआब्जा वितरणको कामसमेत भइसकेको छ। आयोजना स्थल सङ्खुवासभाबाट, भोजपुर, खोटाङलगायत जिल्ला हुँदै ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण हुनेछ। सो प्रसारण लाइन २१७ किलोमिटर लामो हुनेछ। प्राधिकरणले निर्माण गरिरहेको ढल्केबरस्थित ४०० केभी क्षमताको सबस्टेशनमा विद्युत् जोडिनेछ। सोही सबस्टेशनबाटै नेपालले पाउने विद्युत् लिनेछ भने बाँकी विद्युत् भारत लगिनेछ।

वित्तीय व्यवस्थापन समारोहमा नेपाल र भारतका बैंकका उच्च अधिकारी उपस्थित हुनुहुन्थ्यो। नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकेशरी शाहले ठूलो आयोजनामा लगानी गर्न पाउनु आफूहरुका लागि पनि गौरवको विषय भएको बताउनुभयो।

निर्माणधीन आयोजनामा करिब तीन हजारले रोजगारी पाएका छन् भने स्थानीयवासीलाई मासिक ३० युनिट विद्युत् निशुल्क पाउने व्यवस्था गरिएको छ। अरुण तेस्रो आयोजनाबाट नेपालले २५ वर्षमा कूल रु तीन खर्ब ४८ अर्ब राजश्व पाउने गरी परियोजना विकास सम्झौता गरिएको छ।






*ललिता निवास ...*

राजनीतिक बदनियत देखिएको छ। संवैधानिक अङ्गहरु राजनीतिक प्रभावमा परेर राजनीतिक प्रतिशोध साँध्नु हुँदैन। हामीले यसैका लागि गणतन्त्र र समावेशी संविधान ल्याएको हो ?”

भुसालले ‘उक्त प्रकरणमा देखाइएको भेदभाव’को विरोधमा बिहीबार बैठकको कारवाही चल्न नसक्ने भनेपछि सो दलका सांसद् उभिनुभएको थियो। सभामुख अग्निप्रसाद सापकोटाले काँग्रेसका तर्फबाट आएको धारणातर्फ सम्बन्धित निकायको ध्यान गएको होला भन्दै संसदले धेरै विधेयक अगाडि बढाउनुपर्ने भएकाले बसिदिन र सदन सञ्चालनका लागि सहयोग गर्न पटक पटक आग्रह गर्दा पनि अवरोध जारी रहेपछि सभामुखले बैठक स्थगन गर्नुभयो। प्रमुख प्रतिपक्षीले अवरोध गरेको स्थितिमा बैठक चल्न नसक्ने भन्दै सभामुख सापकोटाले यही माघ २४ गते अपराह्न १ बजेसम्मका लागि बैठक स्थगन गर्नुभयो।

## विश्व समाचार

### कोरोना भाइरसबाट ज्यान गुमाउनेको संख्या ५६३ पुग्यो

बेइजिङ, २३ माघ (रासस/सिन्हवा)।

चीनमा हजारौं व्यक्ति कोरोना भाइरसबाट सङ्क्रमित भएपछि अस्पतालमा बिरामी राख्ने बेडको अभाव देखिएको बताइएको छ।

यस भाइरसबाट बिहीबारसम्म ५६३ व्यक्तिको मृत्यु भइसेकेको छ। त्यसैगरी बिहीबार प्राप्त समाचारअनुसार यस भाइरसबाट चीनभर २८ हजार व्यक्ति सङ्क्रमित भएका छन्।

गत वर्षको अन्तमा जनावर बेच्ने बजारबाट उत्पत्ति भएको भनिएको कोरोनाभाइरस चीनको करिब २४ ओटा प्रान्तमा फैलिएको पुष्टि भएको छ। बिहीबार एशियाली समुद्रको यात्रामा रहेका दुइ पानी जहाजमा हजारौं व्यक्ति घण्टौंसम्म फसेका थिए। जसमध्य २० जनालाई कोरोना भाइरसको सङ्क्रमण देखिएको बताइएको छ।

यस भाइरसको महामारीको केन्द्रका रुपमा रहेको हुबेई प्रान्तको उहानले एक हजार ६०० शैयाको अस्पताल निर्माण गरेको छ। यसअघि यसै हप्ताको शुरुमा नै एक हजार शैया भएको अस्पताल बनाइसकेको छ।

विश्व स्वास्थ्य सङ्गठनले चीनको हुबेइमा शीघ्र सङ्क्रमण भइरहेको भए पनि चीनकै अन्य राज्यमा यसको फैलावट छिटपुट रहेको बताएको थियो। चीनका अधिकारीले सङ्क्रमण नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गरेका र अन्य प्रभावित मुलुकले पनि भाइरस सङ्क्रमणलाई नियन्त्रणबाहिर जान नदिन यथेष्ट सावधानी अपनाएको पाइएको पनि उक्त सङ्गठनले जनाएको छ।

चीनको हुबेइका साथै अन्य भागमा अपनाइएका उपाय र विश्वका अन्य मुलुकले नियन्त्रणका लागि देखाएका गम्भीर सावधानीका कारण छिट्टै सङ्क्रमण रोक्न सफलता मिल्ने अन्तर्राष्ट्रिय समुदायले विश्वास व्यक्त गर्दै आएको छ।

### महाअभियोगबाट राष्ट्रपति ट्रम्प मुक्त

वासिङटन, २३ माघ (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प महाभियोग प्रक्रियाबाट मुक्त हुनुभएको छ। अमेरिकाको माथिल्लो सदन सिनेटमा बुधबार भएको मतदानपछि राष्ट्रपति ट्रम्पले महाअभियोगबाट मुक्ति पाउनु भएको हो।

आफ्नो राजनीतिक स्वार्थका लागि विदेशी शक्तिमाथि आफ्ना सम्भावित चुनावी प्रत्यासी जोन बाइडेनविरुद्ध भ्रष्टाचारको छानबिन गर्न दिएको आरोपमा ट्रम्पमाथि महाअभियोगको प्रत्रिया अगाडि बढेको थियो।

राष्ट्रपति ट्रम्पविरुद्धको महाभियोग प्रस्ताव तल्लो सदन ‘हाउस अफ् रेप्रिजेन्टेटिभ्स’बाट भने पारित भएको थियो। हाउस अफ रेप्रिजेन्टेटिभ्सबाट अर्थात तल्लो सदनबाट महाभियोग प्रक्रियाको सामना गर्ने ट्रम्प तेस्रो अमेरिकी राष्ट्रपति हुनुभएको अमेरिकी सञ्चारमाध्यम बताउँछन्।

महाअभियोग प्रस्तावमा ट्रम्पले शक्तिको दुरुपयोग गर्नुभएको भन्ने पक्षमा ४८ मत परेको थियो तर विपक्षमा ५२ मत परेको थियो।

त्यस्तै अमेरिकी संसद् अवरुद्ध गरेको आरोपमा पनि पक्षमा ४७ मत र विपक्षमा ५३ मत प्राप्त भएको थियो। एक सय सदस्य रहेको अमेरिकी सिनेटमा रिपब्लिकनको बहुमत रहेको छ।

अमेरिकी सिनेटमा रिपब्लिकनका ५३, डेमोक्र्याटका ४५ र स्वतन्त्रका दुई सदस्य रहेका छन्। राष्ट्रपति विरुद्धको महाभियोग पारित गर्न कम्तीमा पनि ६७ मतको आवश्यकता पर्छ। महाभियोगको हल्लाविरुद्ध अमेरिकी जीत भएको दाबी राष्ट्रपति ट्रम्पले गर्नुभएको छ। यस विषयमा उहाँले बिहीबार सम्बोधन गर्ने समाचारमा जनाइएको छ।

### चीनले ७५ अर्ब डलर बराबरका अमेरिकी सामानमा कर कटौती गर्ने

बेइजिङ, २३ माघ (रासस/एएफपी)।

चीनले अमेरिकाबाट आयात हुने करिब ७५ अर्ब डलर बराबरका सामानमा कर कटौती गर्ने घोषणा गरेको छ। गत फेब्रुअरी १४ मा चीनले करिब १५० अर्ब डलर बराबरका अमेरिकी सामानमा कर वृद्धि गर्ने घोषणा गरेको थियो।

चिनियाँ कर आयोगका अनुसार अमेरिकी प्रशासनले चिनियाँ वस्तुमा करवृद्धि गर्ने घोषणा गरेपछि त्यसको प्रतिशोधस्वरुप चीनले पनि गत वर्ष सेप्टेम्बरमा एक हजार ७०० भन्दाबढी किसिमका अमेकिरी वस्तुमा करवृद्धि गर्ने योजना सार्वजनिक गरेको थियो। यी करहरु पाँच र १० प्रतिशत थिए।

दश प्रतिशत करको दायरमा मुख्यरुपमा ताजा सामुद्रिक खाना, कुखुरा र सोयाबिन रहेका थिए। आयोगले जारी गरेको विज्ञप्तीमा चीन-अमेरिका आर्थिक तथा व्यापारिक सम्बन्धलाई स्वस्थ र स्थिर राख्ने प्रयत्न स्वरुप कर कटौती गरिएको उल्लेख छ। कर कटौतीको यो प्रस्ताव आगामी फेब्रुअरी १४ देखि नै लागू हुने आयोगको भनाइ छ।

अमेरिकी प्रशासनले पनि करिब १२० अर्ब अमेरिकी डलर बराबरका चिनियाँ सामानमा थप कर नलिने घोषणा गर्ने अपेक्षा गरिएको छ। तथापी विगतमा घोषणा गरिएका कतिपय करवृद्धिका प्रस्ताव यथावत रहने दुबै पक्षले जनाएका छन्। अमेरिका र चीनले गत जनवरीमा व्यापार युद्धलाई मत्थर बनाउन र समभदारी विकास गर्न आंशिक व्यापार सम्झौतामा हस्ताक्षर गरिसकेका छन्। सम्झौतामा आगामी दुई वर्षभित्र २०० अर्ब अमेरिकी डलरभन्दा बढीका अतिरिक्त सामान चीनले आयात गर्ने उल्लेख छ।

पहिलो चरणको आंशिक सम्झौताअनुसार, अमेरिकाले १२० अर्ब डलर मूल्य बराबरका चिनियाँ सामानमा लगाइने करलाई आधा कटौती गरी ७.५ प्रतिशत कायम गर्नेछ। गत डिसेम्बरमा अमेरिकी राष्ट्रपतिले चिनियाँ सामानमा १५ प्रतिशत करवृद्धि गर्ने घोषणा गर्नु भएको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पछिल्लो समय चीनसँगको सम्बन्ध निकै प्रगाढ रहेको र निरन्तर सुधारतर्फ अग्रसर भएको बताउँदै आउनुभएको छ।

# एनसेलको 'भ्यालेन्टाइन अफर' २४ माघदेखी तीन महिनासम्म

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ माघ ।**

नजिकिदै गरेको प्रणय दिवसको अवसरमा एनसेल प्राईभेट लिमिटेडले आफ्ना प्रिपेड ग्राहकका लागि 'अझै नजिकिन्छ सम्बन्ध' योजना अन्तर्गत 'भ्यालेन्टाइन अफर' ल्याउन लागेको छ ।

यो अफरमा ग्राहकले मात्र रु १०० (कर सहितमात्र रु १२७.६९) मा ७०० मिनेट अन नेट टक टाइम रहेको साप्ताहिक भ्वाइस प्याक ल्याउन लागेको हो ।

यो भ्यालेन्टाइन अफर शुक्रबार (माघ २४) देखि लागु हुँदै तीन महिना सम्म संचालनमा रहने छ ।

भ्यालेन्टाइन महिनाको अवसरमा संचालनमा ल्याउन लागिएको यो अफर अन्तर्गत ग्राहकले कर सहितमात्र १८ पैसा प्रतिमिनेटमा कुरा गर्न सक्नेछन् ।

अफरको साप्ताहिक प्याक सुचारु गरेपछि सात दिन सम्म समयावधि रहनेछ । ग्राहकले एस्टिक्स १७११८ एस्टिक्स २ एस्टिक्स ३ ह्यास डायल गरी प्राप्त जानकारी अनुसार प्याक सुचारु गर्न सक्ने जनाइएको छ ।

भ्यालेनटाइन अफरले ग्राहकलाई आफ्ना प्रियजनसँग थप नजिक रहन मद्दत पुऱ्याउनुका साथै आफ्ना सम्बन्धहरुलाई अझै प्रगाढ बनाउन योगदान पुऱ्याउने विश्वास एनसेलले लिएको छ ।

# लागु औषधसहित पासवान पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २३ माघ ।**

सिरहाको लहान नगरपालिका वडा नं. १ बाट प्रहरीले सप्तरीका एक यूवकलाई लागु औषधसहित पक्राउ गरेको छ ।

सप्तरीको बलानबिहुल गाउँपालिका २ निवासी २३ वर्षिय धमेन्द्र पासवानलाई प्रहरीले लागु औषध नाईट्रोभेट ट्याबलेट ४ पत्ता ६० थानसहित पक्राउ गरेको हो ।

ईलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा बी पासवानसँग उक्त लागु औषध फेला परेपछि नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय लहानमा ल्याई थप अनुसन्धान कार्य भईरहेको जनाएको छ ।


## बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि

गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज

फोन नं. : 031-522408/09




## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**
राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**
डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**
बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**

## दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित




### छिन्नमस्ता डेरी उद्योग

सिरहा रोड, राजविराज ७, खरसाल टोल

मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



**हाम्रो सेवाहरु** : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




***नोट*** :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | prabhu Money Transfer प्रभुको इच्छा | CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट HBL Himalayan Bank Ltd BATAS | CG Money CHAUDHARY GROUP | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit | CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy | Best Remit Quick & Easy | prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम prabhu Bikas Bank, Hello PAISA, DishHome, P cash, prabhu CO-OPERATIVE SERVICE | IME International Money Express | himal remit हिमालरेमिट HBL Himalayan Bank Ltd BATAS | CG Money CHAUDHARY GROUP CG money easy छ

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*